# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
(डोर मुकाम, मुगु
अ.छा.बे.

Phone: 4262381
4262415
4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाण्डौ, नेपाल
Babarmahal, Kathmandu Nepal

प.सं.२०७२/७३ मिति २०७२/०६/०८
च.नं.–

**विषयः– लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री स्थानीय विकास अधिकारी ज्यू,
जिल्ला विकास समितिको कार्यालय
मग

त्यस कार्यालयको आर्थिक वर्ष २०७१/०७२ को राजस्व/धरौटी/विनियोजन र अन्य कारोवारको आर्थिक विवरण तथा सो सँग सम्वन्धित पेश भए सम्मको लेखाको परीक्षण सम्पन्न गरी तयार गरिएको पाना-२० (वीस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १९ (१) वमोजिम ३५ दिन भित्र असूल फछ्र्यौट भएको प्रमाण वा बेरुजु कायम गर्न नपर्ने कुनै कारण भए प्रमाण सहितको जबाफ पठाउन हुन अनुरोध गर्दछु । समयमा फछ्र्यौटको प्रमाण वा जबाफ प्राप्त नभएमा संलग्न व्यहोरा महालेखा परीक्षकको बार्षिक (अन्तिम) प्रतिवेदनमा समावेश गरिने व्यहोरा समेत निर्देशानुसार जानकारी गराउँदछु ।

**भवदीय**

**(कुमार थापा)**
निर्देशक
डोर प्रमूख

**बोधार्थ तथा कार्यार्थ**

श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं : प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
मग : प्रतिवेदन संलग्न छ ।

# लेखापरीक्षणको प्रारम्भिक प्रतिबेदन

कार्यालयको नाम : जिल्ला विकास समितिको कार्यालय, मग ।
आ.व. :२०७१/७२

कार्यालय प्रमुख : स्था.वि.अ. श्री नारायण प्रसाद रिसाल
लेखा प्रमुख : लेखापाल श्री रमाकान्त आचार्य

## आर्थिक कारोवारको संक्षिप्त स्थिति:

### जि.वि.स.कोष तथा केन्द्रीय स्तर :

| कार्यालय | गतवर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| जिल्ला विकास समिति | | | | | |
| जिल्ला उर्जा विकास | | | | | |

### राजश्वतर्फ :

| राजश्व शिर्षक | असूली | दाखीला | बाँकी |
|---|---|---|---|
| विभिन्न | | | ।०० |

**१. परिचय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३ (२) वमोजिम जिल्ला विकास समिति मगको आर्थिक वर्ष २०७१/७२ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ ।

***२. संक्षिप्त आय व्यय विवरण : एकिकृत आर्थिक विवरण (आय-व्यय)***

**आ.व.२०७१/७२ को एकिकृत आय व्यय विवरण**

| सि.नं. | यस वर्षको आय | | | यस वर्षको खर्च | | |
|---|---|---|---|---|---|---|
| १ | **गत आ.व.को जिम्मेवारी** | | | **१) जि.वि.स.कोष तर्फ** | | |
| | क) जि.वि.स.कोष तर्फ | | | क) चालू तर्फ | | |
| | ख) कर्मचारी कल्याण कोष ४००५ | | | ख) पुजीगत तर्फ | | |
| | ग) धरौटी ग ३–१ | | | **२) नेपाल सरकारको अनूदान** | | |
| | घ) सिम एन.कोष ४१५१ | | | क) जि.वि.स.अनूदान चालू/पुजीगत | | |
| | ङ) विशेष कोष स्थापना (विभिन्न) | | | ख) गा.वि.स.अनूदान चालू/पुजीगत तर्फ | | |
| | च) युनिसेफ फण्ड ग ४–५–१ | | | **३) अन्य श्रोत तर्फ** | | |
| | छ) सि.ए.ए. ४१५३ | | | क) यूनिसेफ फण्ड | | |
| | ज) युनिसेफ जि.वि.स. ग ५–८–१ | | | ख) युनिसेफ कार्यक्रम | | |
| २ | **नेपाल सरकारको अनूदान** | | | ग) कर्मचारी कल्याण कोष | | |
| | क) जि.वि.स.अनूदानचालू/पुजीगत | | | च) सडक बोर्ड | | |
| | ग) गा.वि.स.अनूदान चालू/पुजीगत | | | छ) विशेष कोष | | |
| ३ | **आन्तरिक श्रोत तर्फ** | | | ज) सिमएन कोष | | |
| | कं कर,दस्तूर,सेवा शूल्क,भाडा | | | झ) झो.पू.म्याचफण्ड (गा.वि.स.) | | |
| | ख) राजश्व बांडफांड | | | **४) धरौटी** | | |
| ४ | **अन्य श्रोत तर्फ** | | | **५) केन्द्रिय वजेटको खर्च** | | |
| | क) कर्मचारी कल्याण कोष | | | ग्रामीण खानेपानी तथा सरसफाई का. | | |
| | ख) झो.पु.म्याचफण्ड (गा.वि.स.) | | | स्थानीय निकाय वित्तिय आयोग | | |
| | ग) सिम.एन.कोष | | | बौद्धदर्शन प्रवर्धन तथा गुम्वा वि. | | |
| | घ) विशेष कोष | | | आदिवासी जनजाती उत्थान प्रतिष्ठान | | |
| | ङ) सडक बोर्ड | | | राष्ट्रिय युवा परिचालन | | |
| | च) युनिसेफ | | | उपेक्षित उत्पीडीत दलित वर्ग उत्थान | | |
| | छ) युनिसेफ फण्ड | | | स्थानीय शान्ति समिति | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **५** | **धरौटी** | | | रोयल्ट व्यवस्थानि तथा वितरण | | |
| ६ | **केन्द्रिय वजेटको निकासा** | | | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | | |
| | ग्रामीण खानेपानी तथा सरसफाई का. | | | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत | | |
| | स्थानीय निकाय वित्तिय आयोग | | | साना सिचाई नदी नियन्त्रण | | |
| | बौद्धदर्शन प्रवर्धन तथा गुम्वा वि. | | | स्थानीय शासन तथा सामुदायिक वि. | | |
| | आदिवासी जनजाती उत्थान प्रतिष्ठान | | | ज्येष्ठ नागरिक एकल महिला विधवा | | |
| | राष्ट्रिय युवा परिचालन | | | ज) संष्कृति प्रवर्धन | | |
| | उपेक्षित उत्पीडीत दलित वर्ग उत्थान | | | **छ) आगामी वर्षको लागी जिम्मेवारी** | | |
| | स्थानीय शान्ति समिति | | | **१) जि.वि.स.कोष** | | |
| | रोयल्ट व्यवस्थानि तथा वितरण | | | क) आन्तरिक आय ग ४-३-१ | | |
| | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | | | ख) राजश्व बाँडफाँड ग ४-४-१ | | |
| | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत | | | २) कर्मचारी कल्याण कोष ग ५-१-२३ | | |
| | साना सिचाई नदी नियन्त्रण | | | ३) धरौटी ग ३–१ | | |
| | स्थानीय शासन तथा सामुदायिक वि. | | | ४) सिम एन.कोष ४१५१ | | |
| | ज्येष्ठ नागरिक एकल महिला विधवा | | | ५) विशेष कोष ग ५-२-१, ग ५-४-१, ग ५-५-१, ग ५-६-१, ग ५-७-१, ग ५-८-१ | | |
| | संष्कृति प्रवर्धन | | | ६) युनिसेफ फण्ड ग ४–५–१ | | |
| | | | | ७) सि.ए.ए. ४-३-१ | | |
| | | | | ८) युनिसेफ जि.वि.स. ग ५–८–१ | | |
| | | | | ९) सडक बोर्ड ग ४–४–१ | | |
| **जम्मा** | | | | | | |

**नोट :**

२.१ विकेन्द्रित कार्यक्रम अनुसार जिल्लास्थित विभिन्न कार्यालयलाई निकासा दिएको रकम यसमा समावेश छैन ।

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>उपरोक्त बमोजिमको आर्थिक कारोबारको लागि स्वीकृत बिस्तृत लेखापरीक्षण योजना अनुसार जोखिमको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरीएको छ । लेखापरीक्षण बाट देखिएका ब्यहोरा उपर मिति २०७२।०६। मा व्यवस्थापन सँग छलफल गरी यो प्रतिबेदन तयार गरिएको छ । लेखापरिक्षण प्रतिबेदनमा औंल्याइएका ब्यहोराले निर्देश गरेको बाहेक आर्थिक बिबरण मार्फत प्रस्तुत आर्थिक कारोबारले यस कार्यालयको बिनियोजन, राजस्व र धरौटी हिसाबको यर्थाथ चित्रण गर्दछ । लेखापरीक्षण बाट देखिएका ब्यहोरा निम्नानुसार प्रस्तुत गरिएको छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td></td><td>परिचय : नेपाल सरकार एवं विभिन्न स्वदेशी तथा विदेशी दात. स)घ स)स्थाबाट प्राप्त सहयोग र जिल्लामै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कायंक्रमको माध्यमबाट स्थानीय जनतालाइं प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आथिंक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गनुं जिल्ला विकास समितिको कायांलयको मुख्य उद्देश्य हो । जिल्ला विकास समितिको कायांलय स्थानीयस्तरमा सरकारको प्रतिनिधित्व गनें मूल निकाय हो । स्थानीय जनताका आधारभूत आवश्यकताको परिपूतिं स्थानीयस्तरमै गनुंपनें विकेन्द्रीकरणको मूल भावना र ममंलाइं आत्मसात गरी व्यक्तिगत घटना दतां, बसाइसराइं प्रमाणीकरण, स्थानीय बाटोघाटो, पुलपुलेसा, सि)चाइं कुलो बा)ध, विद्यालय भवन, स्वास्थय चौकी भवन आदिको निमांण एव) ममंत तथा गरिबी निवारणको लागि आयमूलक कायंक्रमको सञ्चालन उपभोक्ता माफंत यस कायांलयले गनें गदंछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td></td><td>आय व्यय विवरणमा समावेश भएको युनिसेफ(डकाव) कार्यक्रमको लागि प्राप्त भएको रकम मध्ये जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला खोनेपानी तथा सरसफाई सवडिभिजन कार्यालयलाई गएको निकासाको लेखापरीक्षण सम्बन्धित कार्यालयले लेखापरिक्षण गराउने भनी उक्त रकमको लेखापरीक्षण गरिएको छैन ।</td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td></td><td><u>बैंक हिसाव बिबरण :</u> स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आ.व. लागि जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ ।<br>कार्यालयले निम्न बमोजिम आ.व.को अन्त्यमा स्रेस्ता अनुसार रु. २११४९३४।३३ मौज्दात देखाएकोमा बैंक अनुसार पनि सोही रकम मौज्दात रहेको प्रस्तुत बैंक प्रमाणहरुबाट देखिन्छ । माथि उल्लेखित आय व्यय विवरणमा मौज्दात देखिएको रकमको निम्नानुसार २०७२ अषाढ मसान्तमा बैंक मौज्दात रहेको विवरण पेश हुन आएको छ ।
<table>
<tr><th>क्र.स.</th><th>व.उ.शि.नं.</th><th>उपशीर्षक विवरण</th><th>बैंक अनुसार वांकी मौज्दात</th><th>श्रेस्ता अनुसार वांकी मौज्दात</th><th>फरक रकम</th><th>फरक कारण</th></tr>
<tr><td>१</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td><table><tr><td>२</td><td></td><td></td><td></td><td></td><td></td></tr></table></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td></td><td>पेश्की :<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (१) मा पेश्की लिनु पर्दा कुन कार्यको लागि, के कति रकम चाहिने हो, सो को विवरण पेश गर्नुपर्ने, नियम १८२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्बन्धित कामको लागि आवश्यक पर्ने भन्दा बढी नहुने गरी पेश्की दिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते स्थायी, अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनु पर्ने, नियम १८२ (३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउनु पेश्की दिने लिने दुवैको कर्तव्य रहने व्यवस्था छ । त्यस्तै नियम १८५ (२) मा पेश्की दिनुपर्ने ठेक्का कवुलियतनामा गर्दा काम तामेल हुनु पर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की बाँकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मिति देखि वार्षिक दश प्रतिशतका दरले व्याज र साँवा समेत बुझाउनु पर्ने कुरा कवुलियतनामाको शर्तमा उल्लेख हुनुपर्ने व्यवस्था छ । देहायको कार्यक्रमबाट निम्नानुसारको व्यक्ति तथा संस्थालाई गएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई बाँकी रहेकाले नियमानुसार असुल फर्छौट हुनु पर्ने<br><br>
<table>
<tr><th>बजेट शिर्षक नं.</th><th>पेश्की मिति</th><th>पेश्की लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>३६५१०१४</td><td>२०७२।०१।०७</td><td>पुलु बौद्ध गुम्बा उ.स.</td><td>४९०००</td></tr>
<tr><td>३६५८५०३</td><td>२०७२।०२।२५</td><td>झ्यारी खोला दुध कुना बाटो नि.उ.स.</td><td>५६१०००</td></tr>
<tr><td>३६५८५०३</td><td>२०७२।०३।०२</td><td>चिमाथा लघु जलविद्युत उ.स.</td><td>३३००००</td></tr>
<tr><td>३३११२७३</td><td>२०७२।०३।२४</td><td>खनेपानी तथा सरसफाइ सब डिभिजन</td><td>९३८६२५</td></tr>
<tr><td>३६५८०१३</td><td>२०७२।०३।२४</td><td>उर्गेन लामा</td><td>१०००००</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td></td><td>। <u>पेश्की जिम्मेवारी सम्बन्धमा :</u><br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की जिम्मेवारी सारी प्रमाणित गर्नु पर्ने र यसरी सारिएको पेश्की रकम यस नियमावली बमोजिम फछ्र्यौट गर्नु पर्ने भन्ने उल्लेख छ । कार्यालयबाट उपलब्ध गराइएको जि.वि.स.कोषको आर्थिक वर्ष २०७१।७२ को एकिकृत पेश्की विवरण अनुसार गत वर्षसम्म बाँकी रहेको पेश्की रु.१००१७०००।- मध्ये यस वर्ष रु.५९०५००० ।- फछ्र्यौट भई रु.४११२०००/- बाँकी रहेकोमा यो वर्षको रु.१९७८६२५।- थप भई रु.६०९०६२५।- पेश्की बाँकी रहेको विवरण प्राप्त भएको छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td></td><td><u>अनुगमन प्रतिवेदन :</u><br>स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि ,२०६९ को ३४(१) मा स्थानीय निकायले आफ्नो</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>क्षेत्रभित्र संचालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समिक्षा सहितको विवरण परिषदमा छलफल गराई सोको प्रतिवेदन गाउँ विकास समिति ले जिल्ला विकास समितिमा र नगरपालिका र जिल्ला विकास समितिले मन्त्रालयमा पठाउनुपर्ने उल्लेख छ । यस कार्यालयबाट सो अनुरुपको अनुगमन, प्रगति प्रतिवेदन परिषदमा छलफल गराएको देखिएन । यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td></td><td><u>अनुगमन :</u><br>स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि ,२०६९ को दफा ३३ मा संचालित आयोजनाको अनुगमन, सुपरिवेक्षण गर्नुपर्ने उल्लेख छ । यस कार्यालयबाट देहायको निर्माण सामाग्री खरिद गरी विभिन्न योजनामा वितरण गरेको देखिन्छ । वितरण भएका सामाग्री सही रुपमा उपयोग भए नभएको उक्त कार्यबाट परीलक्षीत उद्देश्य हासिल भए नभएको तोकिएको कार्य सम्पन्न भए नभएको सम्बन्धमा अनुगमन गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ । आयोजनाको लागि गएको सामग्रीको खपत समेत नापी कितावमा उल्लेख हुने गरेको देखिँदैन । यस्तो अवस्थामा आन्तरिक नियन्त्रण कायम नहुने हुँदा अनुगमन गरी प्रतिवेदन लिने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।<br><u>उदाहरणार्थ</u>
<table>
<tr><th>विवरण</th><th>यो वर्ष खरिद परिमण</th><th>गत वर्ष अल्या परीमाण</th><th>जम्मा</th><th>खर्च</th><th>बाँकी</th><th>यो वर्ष खरिद खर्च रकम</th></tr>
<tr><td>विभिन्न साइजको पाइप</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>जस्तापाता</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>ग्यावीन बक्स जाली</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>काठको विद्युत पोल ९ मिटरको</td><td></td><td></td><td></td><td></td><td></td><td rowspan="2"></td></tr>
<tr><td>,, ,, ८ मिटरको</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>स्टील विद्युत पोल ८ मिटर</td><td></td><td></td><td></td><td></td><td></td><td rowspan="2"></td></tr>
<tr><td>एल्मुनियम तार</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td></td><td>अनुगमन : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३३(३) मा जिल्ला विकास समितिले जिल्लामा सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनको लागि तोकिए बमोजिमको जिल्ला सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नु पर्ने व्यवस्था छ । स्थानीय निकायले आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समिक्षा सहितको विवरण परिषदमा छलफल</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| | | *गराई सो को प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्ने उल्लेख छ । यस कार्यालयले संचालित कार्यक्रम तथा आयोजनाहरुको अनुगमन गरी वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । प्रचलित नियममा व्यवस्था भए बमोजिम वार्षिक प्रतिवेदन तयार गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी छ ।* | | | |
| ९ | | ***रकम विनियोजन :*** *स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ मा प्रत्येक जिल्ला परिषदले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट प्रकोप व्यवस्थापन विशेष कोष, कर्मचारी कल्याण कोष लगायत ९ प्रकारका कोषहरुमा रकम विनियोजन गर्न सक्नेछ भन्ने उल्लेख छ । जिल्ला विकास समिति अनुदानबाट कर्मचारी कल्याणकारी कोषको लागी रु.५,००,०००। र प्रकोप व्यवस्थापन कोषमा रु.८,०००। जम्मा गरेको देखियो । यसरी जिल्ला विकास समिति अनुदान रकमबाट अन्य कोषहरुमा रकम निकासा दिँदा विकास कार्यक्रममा असर पुग्ने हुँदा नियमावलीमा व्यवस्था भए अनुसार जिल्ला विकास समितिले आफ्नो आन्तरिक आयबाट मात्र विशेष कोषहरुमा रकम विनियोजन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ रु...............................* | | | |
| | | ***३६५८०२३ गाउँ विकास समिति अनुदान*** | | | |
| १० | | ***अनुदान :*** *स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४८ (६) मा नेपाल सरकारको अनुदानबाट सञ्चालन हुने विशेष आयोजना नेपाल सरकारद्वारा तोकिएको प्रकृया बमोजिम सञ्चालन हुने उल्लेख छ । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९को दफा ३९(१४) मा गाउँ विकास समितिले जेष्ठ मसान्त पछि कुनै पनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा ओजना कार्यान्वियनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नपाउने साथै दफा ४७ मा नेपाल सरकारबाट निकास भएको सबै निःशर्त, सशर्त, पुँजीगत तथा चालु अनुदान रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगाड नै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नु पर्ने र बाँकी रहेको रकम स्थानीय निकायको मूल कोष खातामा फिर्ता गर्नु पर्ने र यस्तो फ्रिज गर्नु पर्ने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्ने उल्लेख छ । यो वर्ष गाउँ विकास समितिहरुलाई निशर्त चालु अनुदानबाट रु.१०८७६०००/- र निशर्त पुँजीगत अनुदानमा रु.५३१४१०००/- निकासा पठाएको देखियो । जिल्ला विकास समितिले यसरी निकासा पठाएको रकम के कस्ता आयोजनामा कति खर्च भै कति मौज्दात रहेको छ एकिन गरी मौज्दात रहेको रकम फिर्ता माग गरी संचित कोष दाखिला गर्नु पर्दछ ।* | | | |
| ११ | | **प्रगति र खर्चको विवरण :** बिभिन्न संचालित कार्यक्रमको लागि तोकिए अनुरुपको रकम खर्च गरी परिलक्षित उद्देश्य हासिल हुनु पर्दछ । कार्यालयले देहायका कार्यक्रमबाट निम्नानुसारको योजनामा बिभिन्न निर्माण कार्य गर्न रकम उपलब्ध गराएकोमा कार्यक्रम खर्च गर्न दिएको खर्चको विवरण र प्रगति प्राप्त गरी राखेको तथा उद्देश्य अनुरुप खर्च भए नभएको अनुगमन गरी राखेको देखिएन । आन्तरिक नियन्त्रणको अभावमा अनुगमन खर्चको विवरण र प्रगति प्रतिवेदन प्राप्त हुन नसकेको देखियो । यस्तो अवस्थामा तोकिए अनुरुपको आयोजनामा खर्च हुन नसक्ने हुँदा यस तर्फ कार्यालयको ध्यान जानु | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>पर्ने देखिन्छ ।
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>कार्यक्रम</th><th>भौ.नं.</th><th>उपलब्ध गराएका कार्यक्रमको संख्या</th><th>रकम</th></tr>
<tr><td>३६५८०१३</td><td>जि.वि.स.कोष</td><td>विभिन्न</td><td></td><td></td></tr>
<tr><td>३४९८०१३</td><td>शान्ति समिति</td><td>,,</td><td></td><td></td></tr>
<tr><td>३६५८०९३</td><td>स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम</td><td>,,</td><td></td><td></td></tr>
</table>
।</td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td></td><td><u>.उ.शि.नं. ३६५८०९३:</u> सामान खरिद गर्दा यथासक्य प्रतिस्पर्धा सिमित हुने गरी पटक पटक खरिद गर्नु हुदैन । यस कार्यक्रमबाट पटक पटक फेब्रिकेसन अफ स्टिल पार्टस खरिद गरी रु १०६५६३४/- खर्च गरेको देखिन्छ । योजनाको लागि खरिद भएको स्टिल पार्टस खरिद गर्दा नापी किताबमा उल्लेख गर्ने गरिएको र  निर्माण कार्यमा प्रयोग भएको स्टिल पार्टस नापी किताबमा उल्लेख गर्ने गरिएको देखियो ।</td><td></td><td></td><td></td></tr>
<tr><td>१३</td><td></td><td><u>समयमा ठेक्का बन्दोवस्त नगरेको :</u><br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) मा वार्षिक वजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउदा लागत अनुमान बनाउने, बोल पत्र आह्वान गरी स्वीकृत गर्ने स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउन र सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषय लाई समेत ध्यान दिनु पर्दछ । कार्यक्रम सुचारु रुपले संचालन गर्न सहयोग र स्वीकृति वारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने ठेक्का स्वीकृत गर्ने कार्य समेत प्रथम् चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्दछ भन्ने उल्लेख छ । कार्यालयबाट प्राप्त ठेक्का बन्दोवस्त सम्बन्धि विवरणमा उल्लेख भए अनुसार राता पानी क्याम्पस भवन निर्माण को ठेक्का तेस्रो चौमासिकमा मात्र बन्दोवस्त भएको देखिन्छ । समयमै ठेक्का बन्दोवस्त गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>१४</td><td></td><td><u>आन्तरिक लेखापरीक्षण :</u><br>स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३२ (१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था गरेको  छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८ (क) मा आय व्यय र धरौटीको स्रेस्ताको मासिक रुपमा लेखापरिक्षण गर्नुपर्ने उल्लेख छ । यस जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>शाखाले चौमासिकरुपमा आन्तरिक लेखापरीक्षण गरेको छ । जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षकले गाविस र विकेन्द्रीत कार्यालयको समेत आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र समयमै लेखापरीक्षण गर्न नसक्नु, आ.ले.प.का कर्मचारीलाई प्रभावकारी तालिमको व्यवस्था हुन नसक्नु जस्ता कारण रहेको देखिन्छ । आन्तरिक लेखा परीक्षकले प्रभावकारी लेखापरीक्षण गरी सोको प्रतिवेदन समयमै दिन नसक्दा आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन नसक्ने हुन्छ । नियमको प्रावधान अनुरुप लेखापरीक्षण गर्ने, सोको प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमि कमजोरीहरुलाई सुधार गर्नेतर्फ आन्तरिक लेखा परीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>१५</td><td></td><td><u>जिन्सी व्यवस्थापन :</u> स्थानीय निकाय आर्थिक नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको माल सामान के कस्तो आवस्थामा छ, अधिकार प्राप्त अधिकारीले एक वर्षमा कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारीले बाहेक अन्य छुट्टै कर्मचारी वा ,प्राविधिकद्वारा निरिक्षण गरी वा गर्न लगाई प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मुल्य र विवरण खुलाई आम्दानी बाँध्नु पर्ने हुन्छ । यसै गरि निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम विक्रि गर्नुपर्ने मालसामान ६ महिना भित्र मर्मत संभार गर्नुपर्ने भए सोको लागि बजेट व्यवस्थापन गरि ३ महिना भित्र गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयको आर्थिक वर्ष ०७१/०७२ को जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भएअनुरुप तथा कार्यालयले उपलब्ध गराएको बेचल्तीको सम्पत्तीको विवरण अनुसूचि १९मा उल्लेख भए अनुसार का बिभिन्न मालसामान लिलाम विक्रि तथा मर्मत गर्नु पर्ने भनि उल्लेख भएको देखिन्छ । लिलाम विक्रि गर्नु पर्ने सामान समयमै लिलाम विक्रि भएमा कार्यालयलाई राजश्व रकम समयमै प्राप्त हुने हुँदा यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।
<table>
<tr><th>सि.नं</th><th>जिन्सि सामान</th><th>मौज्दात</th><th>उपयोग</th><th>लिलाम पर्ने सं.</th></tr>
<tr><td>१</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>१६</td><td></td><td><u>तेस्रो चौमासिक तथा आषाढ महिनाको खर्च :</u> अर्थ मन्त्रालयको नीतिगत परिपत्र अनुसार तेस्रो चौमासिक कुल वार्षिक बजेटको ४०% र असार महिनामा २०% भन्दा बढी खर्च गर्न नहुने उल्लेख छ । कार्यालयले संचालन गर्ने बिभिन्न कार्यक्रमको चौमासिक कार्य तालिका बनाई सोही अनुरुप कार्य संचालन र खर्च गर्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयको केन्द्रीय बजेट शीर्षकको तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको स्थिति देहाय अनुसार छ । तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा खर्चको सहीरुपमा सदुपयोग नहुनु, जथाभावी खर्च हुने, अनुगमन, सुपरभिजन हुन कठीनाई हुने र गुणस्तरमा प्रभाव पर्ने हुँदा आर्थिक वर्षको अन्त्यमा ठूलो परिमाणमा खर्च गर्ने तर्फ नियन्त्रण गरी समयमै खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।
<table>
<tr><th>सि.न.</th><th>बजेट उपशीषंक</th><th>कुल खर्च</th><th>चौमासिक खर्च</th></tr>
</table></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th></th><th></th><th></th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>३६५८०८४</td><td>२६२६५५३१</td><td>०</td><td>३७७७४५</td><td>२५८८७७८६</td><td>१९१३२९१८</td></tr>
<tr><td>२</td><td>३६५८०४४</td><td>४७६००००</td><td>०</td><td>८८८५१४</td><td>३८७१४८६</td><td>३४७२५८६</td></tr>
<tr><td>३</td><td>३६५८०९४</td><td>५२८४०००</td><td>०१००</td><td>८१८३५</td><td>५२०२१६५</td><td>७९६८८७८</td></tr>
<tr><td>४</td><td>३६५८३७४</td><td>१८९९३५५</td><td>०</td><td>६६१९५</td><td>१८३३१६०</td><td>१५४१४००</td></tr>
<tr><td>५</td><td>३६५८०७४</td><td>३००००००</td><td>०</td><td>८६९०२०</td><td>२१३०९८०</td><td>५९७३१३</td></tr>
<tr><td>६</td><td>३६५८२२४</td><td>३२५०००००</td><td>०</td><td>१०३४२२३९</td><td>२२१५७७६१</td><td>२२०७३९११</td></tr>
<tr><td>७</td><td>३३७१०७४</td><td>३३९७४००</td><td>०</td><td>०</td><td>३३९७४००</td><td>३३९७४००</td></tr>
<tr><td>८</td><td>३६५१०१४</td><td>९५६५००</td><td>०</td><td>०</td><td>९५६५००</td><td>३८००००</td></tr>
<tr><td>९</td><td>३६५८१०४</td><td>३३०००००</td><td>१६८५७१५</td><td>०</td><td>१६१४२८५</td><td>१६१४२८५</td></tr>
<tr><td>१०</td><td>३५१०११४</td><td>५००००</td><td>०</td><td>०</td><td>५००००</td><td>५००००</td></tr>
<tr><td>११</td><td>RAP 3</td><td>३७८९२६९</td><td>६१५२०७</td><td>७०४४७५</td><td>२४६९५८७</td><td>२३१८२३९</td></tr>
<tr><td>१२</td><td>भारतीय दूतावास</td><td>४९७८५४४</td><td>८५१९०</td><td>०</td><td>४८९३३५४</td><td>१९३६३८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९०१८०५९९</td><td>२३८६११२</td><td>१३३३००२३</td><td>७४४६४४६४</td><td>६२७४०५६८</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>१७</td><td></td><td><u>योजना हस्तान्तरण :</u> स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५(५) (ज) को प्रावधान अनुरुप उपभोग समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत सोही आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष संचालित योजनाको अवस्था देहाय अनुसार छ । विवरण अनुसार सम्पूर्ण आयोजना हस्तान्तरण गरेको देखिएन । यसरी योजना हस्तान्तरण नगर्दा मर्मत सम्भार गर्ने जिम्मेवारी उपभोक्ता समितिको नहुने हुँदा नियमानुसार</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|

योजना हस्तान्तरण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

| सि.नं. | कार्यक्रमको नाम | योजना | | | | |
|---|---|---|---|---|---|---|
| | | संचालित | सम्पन्न | हस्तान्तरण | बजेट | खर्च |
| १. | जि.वि.स.आकस्मिक मर्मत | | | | | |
| २. | झो.पु. क्षेत्रगत कार्यक्रम | ७ | ५ | ५ | | |
| ३. | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा वि.स. | ७ | ६ | ६ | १०५० | ९५७ |
| ४. | जि.वि.स.पुजिगत अनुदान | | | | | |
| ५. | ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम | १९ | ८ | ८ | ४७६० | ४७६० |
| ६. | स्थानीय यातायात पूर्वाधार वि.का. | ९ | | | २८५०० | २७२१२ |
| ७. | साना सिंचाई | १७ | | | २००० | १८१५ |
| ८. | सडक बोर्ड नेपाल | | | | | |

१८

**रु ५ लाख भन्दा घटीका योजना छनौट गरेको :**

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ (२) मा आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट गाउँ विकास समितिले २ लाख नगरपालिकाले ५ लाख उप महानगर पालिकाले ७ लाख र महानगरपालिकाले दश लाख तथा जिल्ला विकास समितिले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न सक्ने छैनन भन्ने उल्लेख छ । यस कार्यालयले यो वर्ष देहाय अनुसारका रु ५ लाख भन्दा घटीका योजना छनौट गरेको देखियो । स-साना धेरै योजना छनौट गर्दा सुपरभिजनमा कठीनाई हुने हुँखा योजना नहुने तथा छिट्टै प्रतिफल हासिल नहुने हुँदा निर्देशिका अनुरुप योजना छनौट गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

**उदाहरणार्थ**

| कार्यक्रम | योजनाको नाम | विनियोजित रकम रु. हजारमा |
|---|---|---|
| जि.वि.स.कोष पुजिगत | विद्युतीकरण | ५० |
| | लघुजलविद्युत योजना मर्मत | १०० |

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्होरा | रकम |
|---|---|---|---|---|---|

| | | |
|---|---|---|
| साना सिंचाइ | दुडेदोला सिंचाई कुलो | १५० |
| | टुलटुले ताखा सिंचाई | १५० |
| | घाट जिउला सिंचाई कुलो | १५० |
| | फोतु खोला सिंचाई कुलो | ८० |
| | ईमा सिंचाई कुलो | ७० |
| ग्रामिण खानेपानी | पिना खानेपानी योजना | १०० |
| | धैनकोट खानेपानी योजना | १०० |
| | कार्तिक खानेपानी योजना | १०० |
| गुम्बा विकास | पेमासाङ्गा छोइलिङ्ग गुम्बा | १५० |
| | बौद्ध गुम्बा पुलु | १५० |
| | हिग्या छोइलिङ्ग गुम्बा | १५० |

(ख) **योजना स्वीकृत नभएको :**स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २०(३) मा जिल्ला विकास समितिबाट सञ्चालन गरिने आयोजना जिल्ला परिषदबाट स्वीकृत हुनु पर्ने उल्लेख छ । यस कार्यालयबाट संचालित देहायका आयोजना तथा कार्यक्रम जिल्ला परिषदबाट स्वीकृत नभई संचालन भएको देखियो । यसरी कार्यक्रम संचालन गर्दा जनताका अत्यावश्यक कार्यक्रमले प्रवेश नपाउने अवस्था समेत सिर्जना हुने र योजना छनौटमा आन्तरिक नियन्त्रण नहुने हुँदा जिल्ला परिषदबाट आयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । मन्त्रालयबाट योजना तोकी पठाएकाले परीषदबाट योजना स्वीकृति नभएको व्यवस्थापन पक्षको भनाई छ ।

उदाहरणार्थ :

| ब.उ.शि.नं. | कार्यक्रमको नाम | रकम रु हजारमा |
|---|---|---|
| ३६५८०१३ | | |
| | | |
| | | |
| | | |
| | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td><table><tr><td></td><td></td><td></td></tr></table></td><td></td><td></td><td></td></tr>
<tr><td>१९</td><td></td><td><u>आन्तरिक नियन्त्रण प्रणाली :</u> कुनै पनि कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचालित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कनको लागि भरिएको अनुसूची २२ को चेकलिष्ट अनुसार देखिएको व्यहोरा निम्नानुसार छन् :<br>१. कार्यालयले मुल्य नखुलेका पुराना सामानको मुल्य खुलाई नराखेको,<br>२. कार्यालयले उद्देश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी नराखेको ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२०</td><td></td><td><u>दरबन्दी र पदपूर्ति :</u> कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस जिल्ला विकास समितिको कार्यालयमा स्वीकृत दरबन्दी ४३ जना रहेको मध्ये ३८ पदपूर्ति भई ५ जनाको दरबन्दी रिक्त रहेको देखिन्छ । यसरी स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नहुँदा तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गर्न कठिन पर्ने हुन्छ । दरबन्दी अनुरुप पदपूर्ति गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२१</td><td></td><td><u>बैशाख मसान्त पछि उपभोक्तासँग सम्झौता :</u> स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९(१४) अनुसार जिल्ला विकास समितिले वैशाख मसान्त पश्चात कुनै पनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनको लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन पाउने छैन भन्ने उल्लेख छ । कार्यालयले यो वर्ष बिभिन्न आयोजनामा बैशाख मसान्त पछि सम्झौता गरी विभिन्न कार्यक्रम वा आयोजना संचालन गर्न सम्झौता गरी रकम उपलब्ध गराएको देखिन आयो । बैशाख मसान्त पछि सम्झौता गर्दा निर्माण कार्यको सुपरभिजन, अनुगमन गर्न कठिनाई हुने हुँदा निर्माण कार्यमा गुणस्तर कायम नहुने हुँदा समयमै सम्झौता गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । उदाहरणार्थ : (रकम रु. हजारमा)
<table>
<tr><th>सि.नं.</th><th>ब.उ.शि.नं.</th><th>योजनाको नाम</th><th>सम्झौता मिति</th><th>लागत अनुमान</th><th>जि.वि.स.ले व्यहोर्ने रकम</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>३६५८५०३</td><td>राष्कोटीवाडा वाटो मर्मत</td><td>२०७२/०२/२५</td><td>१२७६</td><td>९००</td><td>८५५</td></tr>
<tr><td>२</td><td>३६५८५०३</td><td>रावल वा खा.पा.यो.</td><td>२०७२/०२/१३</td><td>१०५१</td><td>७००</td><td>६६५</td></tr>
<tr><td>३</td><td>३६५८५०३</td><td>नार्थपु खा.पा. यो.</td><td>२०७२/०२/०८</td><td>११५६</td><td>७००</td><td>५६५</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>३६५८५०३</td><td>पारीमेला खेलकुद मैदान</td><td>२०७२/०२/१८</td><td>१२६३</td><td>१२००</td><td>७५१</td></tr>
<tr><td>५</td><td>३६५८०४४</td><td>शोभा खा.पा.यो.</td><td>२०७२/०२/२५</td><td>४९८</td><td>४९७</td><td>१९०</td></tr>
<tr><td>६</td><td>३६५८३७४</td><td>बन्जाहा सि.कु.यो.</td><td>२०७२/०२/३०</td><td>३३०</td><td>३३०</td><td>९५</td></tr>
<tr><td>७</td><td>३३७१०७४</td><td>पाँचे गम्था ग्रा.कृ.स.</td><td>२०७२/०२/२५</td><td>२६४४</td><td>२११५</td><td>२०००</td></tr>
<tr><td>८</td><td>३६५८०८४</td><td>सेरी गिलाहा स.नि.</td><td>२०७२/०२/२५</td><td>३४३६</td><td>२४०६</td><td>२२८५</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>२२</td><td></td><td><u>गा.वि.स.को आन्तरिक लेखापरीक्षण :</u> स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ मा गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिबाट हुने उल्लेख छ । जिल्ला विकास समितिबाट गाउँ विकास समितिको लेखापरीक्षण गर्दा देखिएको व्यहोराको अभिलेख राखी गाउँ विकास समितिबाट फछ्र्यौट गरेको देखिने अभिलेख राखेको छैन । यस्तो अवस्थामा जिल्ला विकास समितिबाट औंल्याएको व्यहोरा फछ्र्यौट भए नभएको एकिन नहुने हुँदा अभिलेख राखी फछ्र्यौट गराउने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२३</td><td></td><td><u>गा.वि.स.हरुको मौज्दात रहेको अनुदान रकम :</u> स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७(१) क, ख र ग मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाउँ विकास समितिमा निकासा भएको सबै निशर्त तथा सशर्त पुँजीगत तथा चालु अनुदानबाट भुक्तानी दिनु पर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नु पर्नेछ र आर्थिक कारोबार बन्द गरेपछि बाँकी रहेको रकम स्थानीय निकायको मुल खातामा फिर्ता गर्नुपर्नेछ भन्ने उल्लेख छ । यसरी फिर्ता प्राप्त भएको रकम मध्ये फ्रिज गर्नुपर्ने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्ने उल्लेख छ । यो वर्ष जिल्लाका २४ गाउँ विकास समितिलाई निशर्त अनुदान चालु तर्फ रु.१०८७६०००।- र पुँजीगत तर्फ रु.५३१४१०००।- समेत जम्मा रु.६४०१७,०००।- अनुदान खर्च उपलब्ध गराएको देखिन्छ । अनुदान उपलब्ध गराएको रकम मध्ये कतिपय गाउँ विकास समितिमा पुँजीगत तर्फ पहिलो, दोस्रो र अन्तिम किस्ता आषाढमा उपलब्ध गराएको गाउँ विकास समितिलाई अनुदान दिएको रकम मध्ये खर्च भई वचत रहेको रकमको अभिलेख गाउँ विकास समितिबाट उपलब्ध नगराएको र जिल्ला विकास समितिले अनुगमन गरी यथार्थ विवरण तयार गरेको देखिएन ।<br><br>निर्देशिकामा उल्लेख भए अनुरुपको मौज्दात रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्दा आर्थिक अनुशासन कायम नहुने हुँदा यसतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२४<br><br><br><br><br><br><br><br>२५</td><td></td><td>

**पुजिगत अनुदान तर्फ :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० बमोजिम कुनै कारणवस उपभोक्ता समिति वा समूदाय भएकोले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनुपर्दछ । त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गर्नुपर्ने उल्लेख छ । यो वर्ष पूजिगत अनुदान तर्फ जि.वि.स.र निम्न उपभोक्तावीच सम्झौता भएको काम तोकिएको समयमा सम्पन्न नभएकोमा उदाहरणार्थ आवश्यक जाँच गरी म्याद थप भएको देखिएन ।

<table>
<tr><th>उ.भो.स.समितिको नाम</th><th>कामको विवरण</th><th>सम्पन्न गर्नु पर्ने मिति</th><th>सम्पन्न मिति</th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>

**भत्ता :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को नियम २५० (३) मा स्थानीय निकायले आफ्नो श्रोत साधन र प्रशासनिक बजेटको परिधि भित्र रहि आफ्ना कर्मचारीलाई स्थानीय भत्ता एवं अन्य थप सुविधा दिन सक्ने र स्थानीय स्वायत्त शासन नियमावली २०५६ को निमय २५७ मा स्थानीय निकायमा कर्मचारीहरुले पाउने पारीश्रमिक भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारको निजामति कर्मचारीले पाउने तलव भत्ता र सुविधालाई आधार मान्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले कर्मचारीहरुलाइ खाजा भत्ता बापत रु.१२७९६०।- उपलब्ध गराएकोमा परिषदवाट स्वीकृती भएको देखियो ।

</td><td></td><td></td><td></td></tr>
<tr><td>२६</td><td></td><td>

**अनुसूचीको प्रयोग :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१) बमोजिम विभिन्न किसिमका अनुसूची फारामहरु राख्नु पर्ने व्यवस्था छ । कार्यालयले अनुसूचीमा तोकिएका फारामहरु अद्यावधिक गरी राखेको पाईएन । उदाहरणको लागि

<table>
<tr><td>अनुसूची</td><td>१४</td><td>आन्तरिक श्रोतको लगती असूली विवरण</td></tr>
<tr><td>अनुसूची</td><td>६२</td><td>डोर हाजिरी नियन्त्रण खाता</td></tr>
<tr><td>अनुसूची</td><td>६७</td><td>आईटम वाईज कार्य अभिलेख खाता</td></tr>
<tr><td>अनुसूची</td><td>६८</td><td>ठेकेदार, उपभोक्ता समिति, गैर सरकारी संस्थाको ब्यक्तिगत खाता</td></tr>
<tr><td>अनुसूची</td><td>७६</td><td>असूल गर्ने रकम को विवरण</td></tr>
</table>

</td><td></td><td></td><td></td></tr>
<tr><td>२७</td><td></td><td>

**केन्द्रियस्तर तर्फ :** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत अपांग, ज्येष्ठ नागरिक एकल महिला र दलित गरि प्रथम चौमासिक अवधिको वितरण भर्पाई अनुसार ५८४४ जनालाई र वालापोषण तर्फ १३८५७ जना लाई वितरण गरेको देखियो । राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कुल जनसंख्या ५५२८६ रहेकोमा जनसंख्याको अनुपातमा ३५.६३ प्रतिशत व्यक्तिलाई भत्ता उपलब्ध गराएको देखियो ।

</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| | | (**क**). **भत्ता वितरण** : सामाजिक सुरक्षा संचालन कार्यविधि २०६९ को बुँदा नं. १३ (२) मा गाउँविकास समिति, नगरपालिकाको सचिवले यस कार्याक्रम वापत प्राप्त भत्ता बृत्ति र अनुदान रकम परिचयपत्र प्राप्त गरेको सम्बन्धित व्यक्तिहरुलाई आ-आफ्नो क्षेत्रमा प्रथम चौमासिकमा बडा दशैं पूर्व आश्विन १ गते दोस्रो चौमासिकमा माघ १२ गते र तेस्रो चौमासिकमा ज्येष्ठ १५ गते भूक्तानी दिनु पर्ने छ भनि उल्लेख भएको छ । जि.वि.स.ले अन्तरगतका केही गा.वि.स.का लागि प्रथम चौमासिक निकासा मिति २०७१/०६/०६ गते, दोस्रो चौमासिक २०७१।१२।०४ मा र तेस्रो चौमासिक निकासा २०७२/३/२२ गते सम्म दिएको देखियो । कार्यविधिले तोके बमोजिम भत्ता वितरण गर्न समयमा निकासा नदिँदा जुन उद्देश्यले लक्षित वर्गमा भत्ता वितरण गर्न खोजिएको हो सो अनुरुप लक्षित व्यक्तिले भत्ता पाउने समय र रकम  सम्बन्धमा पूर्वानुमान गरी ढुक्कसँग बस्न सक्ने अवस्था देखिदैन । अत: कार्यविधिले व्यवस्था गरेको समयमा भत्ता वितरण गरी लक्षित समूहलाई पूर्ण रुपमा आश्वस्त बनाउन समयमै बजेट निकासा दिने र वितरण गर्ने प्रणालीको अवलम्बन गर्नु जरुरी देखिन्छ ।<br><br>(**ख**). **आ.व.को अन्त्य सम्म फछ्र्यौट नभै बाँकी रहेको पेश्की :** समयमै वजेट निकासा नदिएको हुँदा पेश्की लगेको रकम सोही आ.व.मा वितरण गरी फछ्र्यौट समेत हुन नसकी २४ वटा गाउँ विकास समितिहरुको पछिल्लो वर्षमा पेश्कीको जिम्मेवारी सरेको देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधिको बुँदा १३ (२)मा गाउँविकास समिति/नगरपालिकाको सचिवले यस कार्यक्रम वापत भत्ता/बृत्ति रकम सम्बन्धित व्यक्ति लाई तेस्रो चौमासिक किस्ता नेपाल गणतन्त्र घोषणा भएको ऐतिहासिक दिन ज्येष्ठ १५ गते भूत्तानी दिनु पर्ने व्यवस्था र १३ (६) (घ) मा प्रत्येक चौमासिक भूक्तानी गरेको रकमको भर्पाइ भूक्तानी गरेको १५ दिन भित्र पेश्की फछ्र्यौटको लागि जिल्ला विकास समितिको कार्यालयमा पठाउने व्यवस्था छ । साथै १३(६) (ख) मा एक आ.व.को रकम अर्को आ.व.मा दिन नमिल्ने व्यवस्था गरेको छ । २४ गा.वि.स.को  पहिलो पेश्की र पे.फ. को स्रेस्ता परिक्षण गर्दा कार्यविधिको समयसिमा भित्र पे.फ. गरेको पाइएन ।<br>(**ग**) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९को बुँदा नं. ६ मा यस कार्यविधि बमोजिमको सुविधा उपभोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनु पर्नेछ । परिचय पत्र प्राप्तीका लागि अनुसूचिहरुमा तोकिएको ढाँचाका फारामहरु गा.वि.स./न.पा.ले निशुल्क रुपमा उपलब्ध गराउने छ भन्ने छ । उक्त बुँदा ६ सँगै सम्बन्धित अनूसूचि ६(ज) मा बालबालिकाको परिचयपत्र उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निवेदन को व्यवस्था भएको छ । उक्त निवेदनमा मेरो अभिभावकले वा संरक्षकत्वमा रहेको वालवालिकाको लागि वालसंरक्षण अनुदान प्राप्त गर्ने प्रयोजनार्थ सो वालवालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र २ प्रति फोटो संलग्न राखी निवेदन दिनु पर्ने व्यवस्था गरेको छ । कार्यालयले यस गो.भौ.साथ संलग्न राखेको वाल पोषण भत्ता वितरण विवरणमा १३६९९ जना वालवालिका लाई भत्ता वितरण गरेता पनिकेहि वालवालिकाको जन्म दर्ता परिचय पत्र नं. उल्लेख भएको पाइएन । | | | |

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| २८ | | ***ब.उ.शि.नं. ३६५०१५३ (जे. नागरिक, अशक्त, अपाङ्ग, लो.जाती तथा एकल महिला सामाजिक सुरक्षा)***<br>***बढी भुक्तानी :*** *सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा ६ (६) मा प्रत्येक गाउँ विकास समितिको कार्यालयले आगामी आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता/वृति/अनुदान सुविधा पाउने व्यक्तिहरुको नाम नामेसी सहितको विवरण पुष महिनाको पहिलो हप्ता भित्र जिल्ला विकास समितिमा पठाईसक्नु पर्ने र जिल्ला विकास समितिले पनि जिल्ला भरका भत्ता/वृत्ति/अनुदान सुविधा पाउने लक्षित समूहको प्रत्येक गाउँ विकास समितिको अलग अलग देखिने गरी अनुसूची ८ बमोजिमको एकमुष्ट विवरण माघ मसान्त भित्र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा प्राप्त हुने गरी पठाउनु पर्ने र त्यसको विवरण आफ्नो वेभसाईट मार्फत सार्वजनिक गर्नु पर्ने उल्लेख छ । यस जिल्लामा रहेका २४ वटा गाउँ विकास समितिले २०७१ पुष महिना सम्ममा उपलब्ध गराएको विवरणको आधारमा जिल्ला विकास समितिले विवरण तयार गरी मिति २०७१।१२।२९ मा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाएको देखियो । तर सम्बन्धित गाउँ विकास समितिले पठाएको विवरण भन्दा भिन्न हुने गरी जिल्ला विकास समितिले विवरण तयार गरी सोही आधारमा जेष्ठ नागरिक, अशक्त, अपाङ्ग, दलित जनजाती तथा एकल महिलालाई सामाजिक सुरक्षा भत्ता तथा अनुदान रकम उपलब्ध गराएको देखियो । यसरी सम्बन्धित गाउँ विकास समितिले उपलब्ध गराएको विवरणको आधारमा सामाजिक सुरक्षा भत्ता निकासा दिनु पर्नेमा सो भन्दा फरक विवरणको आधारमा निकासा दिँदा रु.२०४२३२०।- बढी निकासा दिएको (विस्तृत विवरण अनुसूची १ र २ मा छ) रकम असुल गर्नु पर्ने देखियो । जिल्ला विकास समितिले सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको नाम नामेसी वेभसाइटमा राखी वास्तविक भुक्तानी पाउने व्यक्तिहरुको लागि मात्र निकासा पठाउनु पर्दछ ।* | | | |
| २९ | | ***सामाजिक सुरक्षा पेश्की :*** *समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को दफा १३ (७) मा उपदफा ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि तेश्रो किस्ता पेश्की लिएको रकम प्रत्येक चालु आर्थिक वर्षको असार २१ गते भित्र गाउँ विकास समितिले पेश्की फछ्र्यौटको लागि जिल्ला विकास समितिमा पठाउनु पर्ने र जिल्ला विकास समितिले असार २६ गते भित्र पेश्की फछ्र्यौट गरि सक्नु पर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्न विभिन्न गाउँ विकास समितिहरुलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेकोमा कार्यालय द्वारा २०७२ साउन महिनामा उक्त पेश्की फछ्यौट गरेको देखिन्छ ।* | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>३०</td><td></td><td><u>धरौटी तर्फः</u>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७७ (२) मा धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद तोकेको भएमा सोही म्यादभित्र र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम कार्यवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षमा धरौटी रकम फिर्ता पाउन रसिद साथ निवेदन दिनुपर्ने उल्लेख छ । त्यस्तै उपनियम ३ मा म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम १७८ बमोजिमको कार्यविधि अपनाइ अधिकार प्राप्त अधिकारीले स्थानीय निकायको कोषमा आम्दानी बाँध्नुपर्ने छ भन्ने उल्लेख छ । नियमानुसार सदर स्याहा गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।<br><br><u>बेरुजु फर्छ्यौंट विवरण :</u> स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०६ बमोजिम अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजु असुल फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त वेरुजु विवरण अनुसार रु ३२५०२७४६७/- बेरुजु कायम रहेकोमा रु.1000000/- फछ्र्यौट भई रु.३२४०२७४६७- बाँकी जनाएको छ । बेरुजु फछ्यौंट हुन नसक्नुमा सम्बन्धित कार्यालयबाट प्रमाण कागजात प्रस्तुत नहुनु नै मूख्य कारण रहेको पाइन्छ । यसबाट हरेक वर्ष बेरुजुको परिमाण थप हुदै गई आर्थिक व्यवस्थापन कमजोर हुने सम्भावना रहन्छ । बाँकी बेरुजु रकम नियमानुसार फछ्यौंट गर्नुपर्ने देखिन्छ ।कार्यालयले सम्परीक्षणको लागि रु ........................./-अनुरोध गरेकोमा देहाय अनुसारको रु. ................................/- फछ्र्यौट गरिएको छ ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>बजेट उपशिर्षक</th><th>आ.व.</th><th>वेरुजुको दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
</table>

| सि.न. | भा.न.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ३१ | | **<u>व उपभोक्ता समितिलाई ३६५८०८४ .नं.शि.उ.ओभरहेड समावेस गरी भुक्तानी</u>**<br><br>स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमावली २०६४ को नियम १५५ग मा प्राविधिकले (५) लागतअनुमान तयार गर्दा जनसहभागिताको अंश समेत किटानी साथ उल्लेख गर्नु पर्ने छ । त्यस्तो लागत अनुमानको रकममा मूल्य अभिबृदि कर)शिरोभार ,ओभरहेडतथा कन्टिजेन्सि रकम र ( जनसहभागिताको अंश कट्टा गरी उपभोक्ता समितिलाई काम दिनु पर्नेछ भन्ने उल्लेख छ। कृषि सडक कार्यक्रम अन्तर्गत संचालित सेरी नारङ्गे गिलाहा सडकमा सडक निर्माण गर्ने कार्यको लागि उपभोक्ता समिति संग सम्झौता हुदाँ निम्न कार्य गरेवापत दर विश्लेषण अनुसार देहायको दरमा सम्झौता गर्नु पर्नेमा शिरोभार)ओभरहेडसमेत समावेश गरी सम्झ (ौता गरेको देखियो । बढी दरमा सम्झौता गर्दा आर्थिक दायित्व पर्न गएको देखियो । आन्तरीक नियन्त्रणको अभावमा बढी दरमा सम्झौता भई बढी खर्च हुन गएको देखिन्छ । बढी भुक्तानी हुन गएको रकम असुल उपर गरी दाखिला हुनुपर्दछ । | | | ञ |

| काम | ओभरहेड वाहेक दर विश्लेषण अनुसारको दर | सम्झौता तथा भुक्तानी दर |
|---|---|---|
| साधारण माटो काट्ने | २४२।५० | २७८।८८ |
| वोल्डर मिक्स | २९१।- | ३३४।६५ |
| साधारण चट्टान | ९७०।- | १११५।५० |
| मध्यम | १९४०।- | २२३१।- |
| छिना लगाई | ८२४५।- | ९४८१।८० |

यसरी बढी दरमा सम्झौता गर्दा देहायका उपभोक्ता समितिलाई देहायको गोतथा मितिवाट खर्च .नं.भा. लेख्दा देखाय अनुरूप बढीभुक्तानी हुन गएको देखियो ।

| सि.न. | भा.न.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| गोभ.ौ.नं. | मिति | उपभोक्ता समिति | भुक्तानी खर्च | ओभरहेड समावेस नगर्दा गर्नु पर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ६३ | २०७२।०३।२६ | सेरी नारङ्गे गिलाहा सडक खण्ड ३ | २४४८६६०।- | २१२९२६९।५६ | ३१९३९०।४४ |
| ६६ | २०७२।०३।२९ | सेरी नारङ्गे गिलाहा सडक खण्ड १० | ३४७५००।- | ३०२१७३।९१ | ४५३२६।०९ |
| ६८ | २०७२।०३।२९ | सेरी नारङ्गे गिलाहा सडक खण्ड १३ | ६७३०००।- | ५८५२१७।३९ | ८७७८५।६१ |
| ६९ | २०७२।०३।२६ | सेरी नारङ्गे गिलाहा सडक खण्ड ६ | ६०८०००।- | ५२८६९५।६५ | ७९३०४।३५ |
| ७१ | २०७२।०३।२६ | सेरी नारङ्गे गिलाहा सडक खण्ड १ | १२०६०००।- | १०४८६९५।६५ | १५७३०४।३५ |
| ७३ | २०७२।०३।२६ | सेरी नारङ्गे गिलाहा सडक खण्ड २ | ६८८९००।- | ५९९०४३।४८ | ८९८५६।५२ |
| ७४ | २०७२।०३।२६ | सेरी नारङ्गे गिलाहा सडक खण्ड ९ | ८१५६००।- | ७०९२१७।३९ | १०६३८२।६१ |
| ७५ | २०७२।०३।२६ | सेरी नारङ्गे गिलाहा सडक खण्ड १२ | ५६६८००।- | ४९२८६९।५६ | ७३९३०।४४ |
| ७६ | २०७२।०३।२६ | सेरी नारङ्गे गिलाहा सडक खण्ड ७ | ६६७३००।- | ५८०२६०।८६ | ८७०३९।१४ |
| ७७ | २०७२।०३।२६ | सेरी नारङ्गे गिलाहा सडक खण्ड ४ | १०४१५००।- | ९०५६५२।१७ | १३५८४७।८३ |
| ७८ | २०७२।०३।२६ | सेरी नारङ्गे गिलाहा सडक खण्ड ८ | ५२८२००।- | ४५९३०४।३४ | ६८८९५।६५ |
| ७९ | २०७२।०३।२६ | सेरी नारङ्गे गिलाहा सडक खण्ड ११ | ९५०३००।- | ८२६३४७।८२ | १२३९५२।१८ |
| | | | | जम्मा | १३७५०१२।२१ |

३२

समानुपातिक कट्टी नगरेको

विभिन्न सडक योजनामा निर्माण गर्दा गराउँदा जिल्ला विकास समितिले रकम उपलब्ध गराउनुको अतिरिक्त उपभोक्ता समितिवाट समेत जनश्रमदान उपलब्ध गराउनु पर्ने व्यवस्था छ । उक्त प्रावधान अनुसार निर्माण कार्यको सम्झौता हुदाँ नै उपभोक्ताले व्यहोर्नु पर्ने रकम र जिल्ला विकास समितिले उपलब्ध गराउने रकम निर्धारण गरी सम्झौता हुने गरेको देखियो । निर्माण कार्य सम्पन्न पश्चात भुक्तानी गर्दा पनि सोही अनुपातमा भुक्तानी गर्नु पर्नेमा देहायको योजनामा उक्त प्रक्रिया अनुरूप

| सि.न. | भा.न.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

भुक्तानी कार्यालयवाट उपलब्ध गराउनु पर्ने अंश भन्दा बढी भुक्तानी गरेको देखियो । यसरी बढी भुक्तानी गर्दा कार्यालयलाई बढी आर्थिक दायित्यव परेको देखिन्छ । बढी दायितव पर्ने गरी खर्च लेखेको रकम असल हुनु पर्दछ । १६५५१७८।२५

उदाहरणार्थ

| गोभ.ौ.नं. | मिति | सडक खण्ड | सम्झौता जिविस कट्टी जिनसी सहित | श्रमदान | सम्पन्न भएको जम्मा काम | उपलब्ध गराएको रकम | | श्रमदान कम कट्टी गर्दा बढी भुक्तानी भएको |
|---|---|---|---|---|---|---|---|---|
| ८० | २०७२।०३।२९ | रूघा छाइला जडिबुट्टी उदान .स. रावल.ब | १८०००००।- | ९३८०५६।- | २२८७९९१।३८ | १७०००००।- | १५०४३५४।- | १९५६४६।- |
| ८२ | २०७२।०३।२९ | रूघा छाइला जडिबुट्टी उरूप .स. रावल.ब | १२०००००।- | ६१६८६०।२३ | १४२३७३१।५७ | ११२४९००।- | ८८३९२५।४२ | २४०९७४।५८ |
| ८४ | २०७२।०३।२९ | रूघा छाइला जडिबुट्टी उदिपक .स. | ३००००००।- | १५४०९६८।- | ३५७९७५०।५७ | २८६३८००।- | २२२१९५१।१९ | ६४१८४८।८१ |

<table>
<tr><th>सि.न.</th><th>भा.न.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>बोहरा</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८३</td><td>२०७२।०३।२९</td><td>रूघा छाइला जडिबुट्टी उबृष .स. सिंह खड्का</td><td>३००००००।-</td><td>१५५८२२२।६०</td><td>३१७२२५९।३९</td><td>२५३७८००।-</td><td>१९६१०९१।१४</td><td>५७६७०८।८६</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>३३</td><td></td><td>
डोलिडारको नर्मस प्रयोग नगरेकोः-<br>
लागत अनुमान तयार गर्दा मितव्ययी रूपले तयार गर्न पर्दछ । सडक निर्माण कार्य गर्दा डोलीडारको स्वीकृत नर्मस अनुरूप लागत अनुमान तयार गर्नु पर्दछ । यस कार्यक्रम अर्न्तगत संचालित अन्य योजनामा डोलीडारको नर्मस प्रयोग सीभील नर्मस अनुरूप इस्टिमेट गरी गम्था राष्कोटीवाडा उपभोक्ता समिति संग सम्झौता भए अनुरूप रू १२३५००००।- खर्च लेखेको देखिन्छ । डोलीडारको नर्मस प्रयोग नगरी सिभील नर्मस प्रयोग गर्दा देहाय बमोजिम बढी भुक्तानी भएको हुदाँ उपभोक्ताको अंश कटाई असुल हुनुपर्दछ ।<br>
गरेको भएतापनि गम्था राष्कोटीवाडा नखर्जी सडकमा गर्ने र जि।१०९६६६१ल .स.वि.- उपलब्ध गराउने गरी देखि ३८०४० समम सडक निर्माण गर्न अनुदान ४६९९९७।-
<table>
<tr><th>विवरण</th><th>काम भएको परिभाषा</th><th>भुक्तानी दर</th><th>डोलिडारको नर्मस प्रयोग गरेको भए हुने दर</th><th>बढी परेको</th></tr>
<tr><td>माटो खन्ने काम ७०% नरम २०% वोल्दर मिक्स १०% साधारण चट्टान</td><td>१४४७५।-</td><td>४४९।६०</td><td>३२४।९०</td><td>१८०४३०।८७</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.न.</th><th>भा.न.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>माटो खन्ने काम ८०% नरम १०% वोल्दर मिक्स १०% साधारण चट्टान</td><td>२१०७७</td><td>४४४।६०</td><td>३२४।९०</td><td>१८०४३०।८७</td></tr>
<tr><td>माटो खन्ने काम ८०% नरम २०% वोल्दर मिक्स ---% साधारण चट्टान</td><td>२०५२७५</td><td>३६४६८</td><td>३२०।१०</td><td>२६२४०।८६</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>३४</td><td>२०७२।०३।२९</td><td>
जोड जम्मा फरक हुदाँ बढी भुक्तानीः<br>
निर्माण कार्यको भुक्तानी गर्दा जोड जम्मा अनुरूप हुने परीमाणको भुक्तानी गर्नु पर्दछ । सेरीनाङ्गे गिलाहा सडक खण्ड ४ का निर्माण उपभोक्ता समिति संग च्यानेज नंसम्झ २८५८०० .ौता भइ रू १०४१५००।- खर्च लेखेको देखिन्छ । उक्त उपभोक्ता समिति संग भएको सम्झौता र काम भएको परीमाणको जोड जम्मा गर्दा देहाय अनुरूपको परीमाण हुनेमा सो भन्दा बढी भुक्तानी भएको रकम असुली हुनुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>जोड जम्मा अनुरूप हुने परीमाण</th><th>भुक्तानी परीमाण</th><th>दर</th><th>बढी मूल्याका</th></tr>
<tr><td>सामान्य माटो खन्ने</td><td>३२६।३८</td><td>१०२७।०६</td><td>२७८।८८</td><td>१९५४०५।६३</td></tr>
<tr><td>वोल्डर मिक्स</td><td>६९।९६</td><td>३०३।५२</td><td>३३४।६५</td><td>७८१६०।८५</td></tr>
<tr><td>साधारण चट्टान</td><td>२३।३०</td><td>८१।६९</td><td>१११५।५०</td><td>६५१३४।०४</td></tr>
<tr><td>मध्यम</td><td>२३।३०</td><td>१४०।०९</td><td>२२३१</td><td>२६०५५८।४९</td></tr>
<tr><td>कडा</td><td>२३।३०</td><td>८१।६९</td><td>९४८१।७५</td><td>५५३६३९।३८</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११५२८९८।३९</td></tr>
</table>
सर्वेक्षण कार्यको भुक्तानीः जिल्ला परीषदवाट सडक सर्वेक्षण गर्नको लागि .मि.कि ......... वटा ३बजेट स्वीकृत गरेकोमा देहायको ............................रूआयोजनामा सर्वेक्षण कार्य गर्न सिधै दरभाउपत्र लिई रूखर्च गरेकोमा देहाय ............................ अनुसार देखियो ।
</td><td></td><td></td><td></td></tr>
</table>

| सि.न. | भा.न.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| गोभ.ौ.नं. | मिति | फर्मको नाम | सर्वेक्षण भएको सडक | सर्वे कि.मि. | भुक्तानी खर्च |
|---|---|---|---|---|---|
| २३ | २०७२।०२।२० | एलाईड ईन्जिनियरीङ प्रावानेश्वर.लि. | रूगा छैला जडिवुट्टी | १० | ९९४४००।- |
| ४० | २०७२।०३।११ | गाईडेन्स ईन्जिनियरीङ कन्सल्ट | सेरी नारङ्गे गिलाहा | ९ | ९९२०८३।- |
| ४७ | २०७२।०३।२१ | कर्णाली ईन्जिनियरीङ तथा विकास | गम्था रास्कोटीवाडा | ९ | ९९१५७५।- |

क) सामानयतया प्रतिस्पर्धा सिमित नहुने गरी टुक्रा टुक्रा पारी लागत अनुमान तयार गर्न नहुने उल्लेख छ । योजना छुट्टा छुट्टै भएता पनि सो उल्लेख गरी एक मुस्ट ल तयार .ई.गरी प्रतिस्पर्धा गराएमा मितव्ययी हुनेमा सो तर्फ ध्यान नदिएको तथा नियमानुसार प्रथम चौमासिक अवधिमा ठेक्का पट्टा नगरी आर्थिक बर्षको अन्तमा ३ वटा संग दर भाउ लिई लागत अनुमानको हाराहारीमा कार्य भएको देखिन्छ ।

ख) ९ कि दिनमा सक्ने गरी १५सडकको सबै डिजाइन कार्य .मि.सम्झौता भएको देखिन्छ नर्मस ८ जना ईन्जिनियर खट्टीनु पर्ने देखियो । छोटो समय दिदा गुणस्तरीय कार्य नहुने हुदा समयमै ठेक्का बन्दोवस्त गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

ग) परामर्शदाताले उपलब्ध गराएको सर्वेक्षण प्रतिवेदन दाखिला गरी अभिलेख रमेत राखी अध्यावधिक गर्नु पर्नेमा सो अनुरूप गरेको देखिएन ।

<table>
<tr><th>सि.न.</th><th>भा.न.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>३५</td><td></td><td>
<u>लगत इस्टिमेट अनुरूप निर्माण कार्य सम्पन्नः</u><br>
निर्माण कार्यको भुक्तानी गर्दा फिल्डमा भएको कार्य अनुरूप भुक्तानी हुनुपर्दछ । सडक निर्माण गर्ने कार्य हुवहु इस्टिमेट अनुरूप कार्य प्राय असम्भबनै रहने देखिन्छ । तर यस कार्यक्रमवाट संचालीत कतिपय निर्माण खण्डको कार्य इस्टिमेट अनुरूपकै परीमाणमा भएको देखिन्छ ।<br>
<u>उदाहरणार्थः</u>
<table>
<tr><th>सडक खण्ड</th><th>भुक्तानी भौ.नं.</th><th>सम्झौता अनुरूपको परीमाण</th><th>काम भएको परीमाण</th></tr>
<tr><td>३६५८०८४ सेरी नारङ्गे गिलाहा सडक खण्ड</td><td>३६३</td><td>३४३६७३६।-</td><td>३४३६७३६।-</td></tr>
<tr><td>३६५८०८४ सेरी नारङ्गे गिलाहा सडक खण्ड</td><td>७४</td><td>१२२६४९४।-</td><td>१२२६४९४।-</td></tr>
<tr><td>३३७१०७४ सेरी नारङ्गे गिलाहा सडक खण्ड</td><td>२</td><td>२६४४३१९।४९</td><td>२६४४३१९।-</td></tr>
<tr><td>३३७१०७४ गम्था रास्कोटीवाडा नेरा सुकाढीक कृषि सडक</td><td></td><td>२८९६७४९।८८</td><td>२८९६७४९।८८</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>३६</td><td></td><td>
<u>व)३३७१०७४ .नं.शि.उ.आर्थिक केन्द्र तथा २ जिल्ला जोड्ने सडकहरू(</u><br>
यस कार्यालयवाट संचालित रूगा छायल जडीबुट्टी मार्ग लगायतका कतिपय सडकमा डोलिडारको सडक खन्ने नर्मस प्रयोग गरी कार्य गराएको देखिन्छ । यस कार्यक्रमवाट संचालित देहायका सडक खण्डमा डोलिडारको नर्मस प्रयोग नगरी सिभिल नर्मस प्रयोग गर्दा देहाय अनुसारको आर्थिक दायित्व पर्न गएको देखिन्छ । उपभोक्ताले गर्ने श्रमदानको अंश घटाउदा यथार्थमा रू ढीब ...................... आर्थिक दायित्व परेकोले उक्त रकम असुल हुनु पर्दछ ।
<table>
<tr><th>भौ.नं.</th><th>मिति</th><th>सडक खण्ड</th><th>विवरण</th><th>घ का.मि. म गरेको परीमाण</th><th>भुक्तानी दर</th><th>डोलीडार नर्मस अनुरूप हुने दर</th><th>बढी दायित्व</th></tr>
<tr><td>२</td><td>२०७२।०३।२९</td><td>कर्खा नेरा</td><td>नरम ७०%</td><td>१८८४</td><td>४४९।</td><td>३२४।९</td><td>२३४८४०</td></tr>
</table>
</td><td>१२८७४६१।३५</td><td></td><td></td></tr>
</table>

| सि.न. | भा.न.र मिति | विवरण | | | | | | | | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि वजेडी खोला | वि२० .एस.एम.% सफ्ट रक १०% | | ६० | ५ | ।६० | | | |
| | | | २०७२।०३।२९ | कर्खा नेरा देखि वजेडी खोला | नरम ८०% वि१० .एस.एम.% सफ्ट रक १०% | १७१५।७० | ४४४।६० | ३२०।१० | २१३६०४।६५ | | | |
| | | | २०७२।०३।२९ | कर्खा नेरा देखि वजेडी खोला | नरम ७०% वि३० .एस.एम.% सफ्ट रक १०% | २४११।१० | ३६४।६८ | २५७।०५ | २५९५०६।६९ | | | |
| | | ७०७९५१।९४<br>श्रमदान अंश १९।९९% -१४१५१९।५९ | | | | | | | | | | |
| | | ५६६४३२।३५ | | | | | | | | | | |
| | | ३ | २०७२।०३।२९ | गम्था रास्कोटीवाडा नेरा | नरम ७०% वि२० .एस.एम.% सफ्ट रक १०% | ३७।५ | ४४९।६० | ३२४।९५ | ४६६४३२।३५ | | | |
| | | | २०७२।०३।२९ | गम्था रास्कोटीवाडा नेरा | नरम ८०% वि१० .एस.एम.% सफ्ट रक १०% | ६४५ | ४४४।६० | ३२०।१० | ८०३०२।५० | | | |
| | | | २०७२।०३।२९ | गम्था रास्कोटीवाडा नेरा | नरम ७०% वि३० .एस.एम.% सफ्ट रक १०% | २७६ | ३६४।६८ | २५७।०५ | २९७०५।८८ | | | |
| | | ११४६८२।७५<br>श्रमदान २०%२२९३६।५५ | | | | | | | | | | |
| | | ९१७४६।२० | | | | | | | | | | |
| | | ४ | २०७२।०३।२९ | गम्था रास्कोटीवाडा नेरा | नरम ७०% वि२० .एस.एम.% सफ्ट रक १०% | १४४७।५० | ४४९६० | ३२४।९५ | १८०४३० | | | |
| | | | २०७२।०३।२९ | गम्था रास्कोटीवाडा नेरा | नरम ८०% वि१० .एस.एम.% सफ्ट रक १०% | २६४३ | ४४४।६० | ३२०।१० | ३२९०५३।५० | | | |

<table>
<tr><th>सि.न.</th><th>भा.न.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td>२०७२।०३।२९</td><td>गम्था<br>रास्कोटीवाडा<br>नेरा</td><td>नरम ७०%<br>वि३० .एस.एम.%<br>सफ्ट रक १०%</td><td>२५७४।७<br>५</td><td>३६४।<br>६८</td><td>२५७०५</td><td>२७७१२०</td></tr>
<tr><td colspan="8">७८६६०३।५०</td></tr>
<tr><td colspan="8">श्रमदान २०% १५७३२०।७०</td></tr>
<tr><td colspan="8">६२९२८२।८०</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>३७</td><td></td><td>
<u>जिल्ला ऊर्जा तथा वातावरण शाखा मुगु तर्फ :</u><br><br>
१) केन्द्रिय (जिल्ला ऊर्जा कोष) खाता तर्फ :- गत वर्षको मौज्दात रु.८१७,८८२।५० मा यस वर्ष वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जिल्ला विकास समितिबाट प्राप्त रु.४७,४६,७०४।१३ समेत जम्मा ५५६४,५८६।६३ बजेट व्यवस्था भएकोमा यस वर्ष रु.३२५३,६८६।६३ खर्च भै रु.२३१०,९००।- मौज्दात रहेको छ। यस सम्बन्धी व्यहोरा निम्नानुसार छन।<br><br>
क) लिब्रु खोला लघु जल विद्युत आयोजनालाई विगत वर्ष देखि संचालित अनुदानमा यस वर्ष रु.१४४५,०००।- थप अनुदान सहयोग प्रदान गरेको छ।<br><br>
ख) खत्याड खोला लघु जल विद्युत परियोजनालाई परि प्रयोग प्रवर्द्धन (कुटानी पिसानी मिल जडान) का लागि रु.१४८,९८२।५० प्रदान गरिएको देखियो।<br><br>
ग) जैविक ऊर्जा कार्यक्रम अर्न्तगत सुधारिएको चुलो प्रवर्द्धन कार्यक्रमका लागि मालिका सामुदायिक विकास केन्द्र मुगुलाई रु. ७७८,३६३।- प्रदान गरिएको देखियो।<br><br>
अनुदान प्रदान गरिएका कार्यक्रम एवं आयोजनाहरुको प्रभावकारीता सम्बन्धमा अनुगमन निरीक्षण हुनुपर्ने देखिन्छ।<br><br>
२) कार्यालय सञ्चालन खाता तर्फ :- गत वर्षको मौज्दात रु.७०७,१६२।४९ बाँकी रहेकोमा यस
</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.न.</th><th>भा.न.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>वर्ष निकासा भएको रु.१६,५९,७०४।१३ समेत जम्मा २३६६,८६६।६२ बजेट रहेकोमा रु.१८२५,८१५।- खर्च भै रु.५४१,०५१।६२ मौज्दात बाँकी रहेको देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>३८</td><td></td><td><u>व३६५८०७४ .नं.शि.उ.</u><br>३ ०२।१०।२०७१ .आयोजनाको लागि सामान खरिद गर्दा योजनाको आवश्यकता परिचालन गरी खरिद गर्नु पर्दछ । यो वर्षको जिन्सी दाखिला हेर्ने क्रममा गत वर्ष खरिद भइ गत वर्षको जिन्सी खातामा दाखिला भएको घनहत ,ौडा ७सब्बल सानो लगाएत ,सब्बल ठूलो , मा दा २५।०३।२०७१किसिमका सामान खिला गरी खर्च नभएको अवस्थामा पनि यो वर्षको खातामा जिम्मेवारी सारेको देखिएन । उक्त सामानको मुल्य रू।१२५८६० .- रहेको देखियो । यो वर्ष पनि यस गोभ.ौप्रकारका सामान खरिद गरेवापत ६गैती लगायत ,सब्बल ,वाट घन .नं. ४९७१२०रू % खर्च लेखेकोमा उक्त सामान प्रयोग नभई मौज्दात नै रहेको देखियो । उक्त सामानको जिम्मेवारी हालसम्म जिन्सी खातामा सारेको देखिएन । यस्तो अवस्थामा आन्तरीक नियन्त्रण कायम नहुने हुदा यस तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।<br><u>पटक२ ग्यावीन तार खरिद</u><br>
<table>
<tr><td>१६</td><td>१२।६</td><td>२२९२।६x१७५।८० = ४५५५०५।- रविन्द्र ट्रेडर्स</td></tr>
<tr><td>१८</td><td>१२।६</td><td>२२१०।८२x१८१ = ४५२१८३।-</td></tr>
<tr><td>३१</td><td>२।१७</td><td>१३६३।५x२०१।९६=३१०७३२।-</td></tr>
<tr><td>३३</td><td>२।१७</td><td>६०६x१८१।३८=१२४२०२।-</td></tr>
<tr><td></td><td></td><td>१३४२६२२।-</td></tr>
</table></td><td>६२२९८०।-</td><td></td><td></td></tr>
<tr><td>३९</td><td></td><td><u>वसाना सिंचाई ३६५८३७४ .नं.शि.उ.</u><br>यस कार्यक्रमको लागि षरिषदवाट ४ योजनाको लागि रू ,लाख १५ .ग्याविन तार जालि खरिद तथा वितरण गर्न रू वटा २लाख र २०.आयोजनको सर्वेक्षण गर्न रूलाख वजेट छुट्याएको ३ .</td><td></td><td></td><td></td></tr>
</table>

| सि.न. | भा.न.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | देखिन्छ । | | | |
| ४० | २३<br>३।२९ | <u>व३६५८२२४ .नं.शि.उ.</u><br>छनौट र अनुगमन सोधी लेख्ने ।<br>स्थानीय नियकय आर्थिक प्रशासन सम्बन्धि नियमावली २०६४ को नियम मा खर्च गर्दा ........ श्री विक्रम शाहीको नाममा बाँकी .खर्चको विल भर्पाइ सहित लेखा राख्नु पर्ने उल्लेख छ । ई ।१२०००० .रहेको रू- पेश्की फर्छ्योट गर्दा रू।८४७५० .- को मात्र विल भर्पाइ संलग्न रहेकोले विल भर्पाइ भन्दा बढी खर्च लेखेको अनियमित रू।३५२५०.- | | | |
| ४१ | १८<br>२०७२।०२।०३ | <u>व३६५८४५३ .नं.शि.उ.</u><br>तलब भत्ता वापत खर्च लेख्न दोहोरो नपर्ने गरी खर्च लेख्नु पर्दछ । यस गोभ.ौवाट .नं . ।५०००० .दशै खर्च र बैशाखको गरी रू ,श्रावण देखि छुट २०७१लाइ .........................श्री- खर्च लेख्नु पर्नेमा रू।५६०००.- खर्च लेखेकोले बढी आर्थिक दायित्व परेको रू।६००० .- असुल हुनु पर्दछ । | | | |
| ४२ | ८८<br>२०७२।०३।३१ | <u>व३४९८०१३ .नं.शि.उ.</u><br>स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमावली २०५६ को नियम मा खर्च गर्दा खर्चको विल भर्पाइ सहित लेखा राख्नु पर्ने उल्लेख छ । स्थानीय शान्ति समितिको कार्यक्रम संचालन गर्न २४ गाउ विकास समितिको कर्यालयलाइ रू।२२००० .- का दरले रू।५२८००० .- खर्च लेखेको देखिन्छ । सशर्त चालु अनुदानमा बजेट व्यवस्था भएकोमा खर्च भएको विल भर्पाइ बेगर खर्च लेखेको रकम अनियमित देखिन्छ । | | | |

<table>
<tr><th>सि.न.</th><th>भा.न.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>३६५८०४४ खानेपानी परीषदवाट जतिवटा संचालन गर्ने भनेको त्यतिवटा भएको छैन ।<br><u>३६५८०८४</u><br>आयकर ऐन २०५८ को दफा ८८ मा अग्रीम आयकर कट्टा गरी भुक्तानी गर्नु पर्ने उल्लेख छ । देहायका फर्मवाट कम्प्यूटर खरिद गरी देहाय अनुसारको रकमा खर्च लेखेकोमा अग्रीम आयकर कट्टा नगरी भुक्तानी खर्च लेखेको छ । आन्तरीक नियन्त्रणका अभावमा कर कट्टी गर्न छुट भएको देखियो । कर कट्टी गर्न छुट भएको रकम असुल गरी दाखिला गर्नु पर्दछ ।<br>फर्मको नाम भुक्तानी खर्च कट्टी गर्नु पर्ने<br>वेल्कम कम्प्यूटर सेल्स एण्ड सर्पोट २१३३८९।- ३२००।८३<br>देवी भगवती इनटरप्राइजेज १७६९४०।- २६५४।१०</td><td></td><td></td><td></td></tr>
<tr><td>४३</td><td>१९०<br>२०७२।०३।२६</td><td><u>व३३११२७३ .नं.शि.उ.</u><br>जिल्ला कृषि विकास कार्यालय मुगुलाई गएको पेश्की उक्त कार्यालयका श्री वद्रि नारायण देवले विभिन्न कार्यक्रम संचालन गरेवापत रू ७३४०००।- खर्च लेखेकोमा देहाय अनुसार देखियो ।<br>क) आय कर ऐन २०५८ को दफा ८९ अनुसार रु.५० हजार भन्दा बढीकत्त भुक्तानीमा १.५ प्रतिशतका दरले र ढुवानीमा १० प्रतिशतका दरले अग्रीम आयकर कट्टी गरी भुक्तानी गर्नु पर्दछ । देहायका फर्मवाट खरिद र ढुवानी गराउँदा अग्रीम आयकर कट्टी गरी दाखिला गरेको देखिएन । अग्रीम आयकर कट्टी नगर्दा राजस्व छुट भएकोले असुल गरी दाखिला हुनुपर्दछ । १६७७८।२०
<table>
<tr><td>फर्मको नाम</td><td>भुक्तानी खर्च</td><td>कट्टी गर्नु पर्ने कर</td></tr>
<tr><td>कोशी कार्गो सर्वीस</td><td>८९९३२।-</td><td>८९९३।२०</td></tr>
<tr><td>अन्नपूर्ण एग्रो फर्मा</td><td>५१९०००।-</td><td>७७८५।-</td></tr>
</table>
ख) अन्नपूर्ण एग्रो फर्मावाट तरकारी वीउ, किटनाशक औषधी आदि खरिद गरी जुम्ला सम्म प्लेनवाट ढुवानी गराएको देखिन्छ । वसवाट ढुवानी गर्न नसकिने प्रमाण संलग्न छैन । उक्त स्थान सम्मको ढुवानीको अतिरीक्त जिमा गा.वि.स. सम्म र सुकाढीक गा.वि.स. सम्म ढुवानी गराई तरकारी वीउ किटनासक औषधीमा रु</td><td></td><td></td><td></td></tr>
</table>

| सि.न. | भा.न.र मिति | विवरण | रकम | फछ्यौंटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | ७०३०००।- खर्च लेखेकोमा कृष्कलाई वितरण गरेको भपाई संलग्न गरीएको छैन । वितरण गरेको भर्पाइ संलग्न नगर्दा आन्तरीक नियन्त्रण कायम नहुने हुदाँ यस तर्फ कार्यालयको ध्यान जनु पर्ने देखिन्छ । वितरण भर्पाइ वेगर खर्च लेखेको अनियमित देखिन्छ । | | | |
| ४४ | २६८ २०७२।०३।३० | जिल्ला कृषि विकास कार्यालयलाई गएको पेश्की रु ११०००००।- बद्री नारायण देब, धर्म ब.शाहीको बील भर्पाइ अनुसार फछ्र्यौट गरेकोमा देहाय अनुसार देखियो ।<br>क) अन्नपूर्ण एग्रो फर्मावाट भेढल वीन १० वटा खरिद गरी रु ५००००।- जय श्री भोलेनाथ ढुवानी सेवावाट ढुवानी गराएको भनी रु.३८५००।- खर्च लेखेकोमा खरिदमा १.५ प्रतिशत र ढुवानीमा १० प्रतिशतका दरले अग्रीम कर कट्टा नगरेकोले असुल गरी दाखिला गर्नु पर्ने रु.<br><br>ख) अन्नपूर्ण एग्रो फर्मावाट १० वटा मेटल बीन खरिद भएकोमा जय श्री भोलेनाथ ढुवानी सेवा वाट ५० वटाको ७७०।- का दरले रु. ३८५००।- ढुवानी खर्च लेखेको छ । खरीद गरेको भन्दा ४० वटा बढी ढुवानी गरेको देखाइ बढी खर्च लेखेको रु.३०८०० ।- असुल हुनु पर्ने तथा खरिद गरिएको मेटल वीन हस्तान्तरण वितरण गरेको प्रमाण समेत संलग्न नगरी खर्च लेखेको अनियमित रु.<br>ग) २०७२।०३।१८ मा अन्नपूर्ण एग्रो फर्मावाट १० वटा मेटल वीन खरिद गरेकोमा वीउ राख्न तथा गोदाम रेखदेख १२ महिना गरेको भनी रु. ७५०।-का दरले ५ ठाउाको रु ४५०००।- खर्च लेखेको छ । मेटल वीन खरिद अगावै खर्च लेखेको अनियमित देखिन्छ ।<br>अग्रीम भुक्तानी गरेको जानकारी<br>घ) सुकाढीक गा.वि.स.का कृषकलाइ २०७२।०३।२१ देखि २०७२।०३।२३ सम्म अगुवा कृषक तालिमलाइ तालिम संचालन गर्दा उक्त ठाउँमा कृषकलाई आतेजाते ४२ कोषका दरले र तालिममा सहभागी ३ दिन सहित १९ दिनको रु.३०० ।-का दरले २० जनाको लागि रु ११४००० ।-खर्च लेखेको तथा २०७१।३।२५ देखि २०७१।३।२८ सम्म सुकाढीकमै कार्यक्रम संचालन गरेको भनी कार्यक्रम संचालक बद्री नारायण देवलाइ दैनिक ४ कक्षाको दरले प्रशिक्षक भत्ता र कार्य कार्य पत्र वेगर कार्य पत्र ४ वटा समेतको रु.१४०००।- लेखेको छ । उक्त स्थानमा नै तालिम संचालन गर्दा मितव्ययी हुनेमा सदरमुकाममा संचालन गर्नु पर्नाको कारण स्पष्ट छैन । त्यस्तै तालिम संचालन गर्दा कट्टी भएको अग्रीम कर दाखिला गरेको प्रमाण समेत पेश नभएको रु. | ४६०० ।-<br><br><br>८८५०० ।-<br><br><br>१६८०।- | | |

| सि.न. | भा.न.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| ४५ | १७१<br>२०७२।३।८ | पशु सेवा कार्यालयवाट घाँसको वीउ खरिद गरेवापत रु १०००००।- भ्याकसीन खरिद गरेबापत रु.१८००००।- र अन्य तालिम संचालन गरेवापतको खर्च सहित रु.७८४०००।- पेश्की फछ्यौट गरेको देखिन्छ । खरिद गरेको खर्च सहित रु.७८४०००।- पेश्की फछ्यौट गरेको देखिन्छ । खरिद गरेको समान वितरण गरेको अभिलेख(भर्पाइ) वेगर खर्च लेख्दा आन्तरीक नियन्त्रण कायम नहुने हुदाँ यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । | | | |
| ४६ | २४३<br>२०७२।३।२४ | जिल्ला स्वास्थ्य कार्यालयावाट स्वास्थ्य सरसफाइ सम्बन्धी नमूना उपकरण वितरण ५ गा.वि.स.को लागि रु.४०००००।- स्टेचर खरिद गर्न १६१६००।- प्राथमिक उपचारको औषधी खरिद गर्न ७८३०० र स्वास्थ्य सीविर सञ्चालन गर्न समेत रु ८४००००।- मा सम्झौता भए अनुरुप ८४००००।- खर्च लेखेकोमा खरिद सामान वितरण र हस्तान्तरण कायम नहुने हुदाँ यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।<br>खानेपानीको फाँटवारी वेगर फछ्यौट<br>नियमानुसारको कर विजक नभएको । | | | |
| ४७ | | **आम्दानी रसीद तर्फः**<br>रसदि नंवर ४९९४ मिति २०७१।११।३ वाट हलभाडा वापत प्राप्त भएको रु.२००० ।- दैनिक टिपोट खातामा पोष्टिङ नगर्नुका साथै बैक दाखिला समेत नगरेकोले असूल गरी दाखिला गर्नुपर्ने छ । | २०००।- | | |
| ४८ | १४<br>२०७२।३।२९ | **व.उ.शी.नं ३६५८०४३(ग्रामीण खा.पा.) चालु**<br>विभिन्न गा.वि.स.मा संचालन हुने खानेपानी आयोजनाको खानेपानी तथा सरसफाइ आयोजना पूर्व तयारी व्यवस्थापकीय तालिममा भएमा विल भर्पाइ संलग्न गरी प्रेम बहादुर कार्कीको नामको रु. ६६९६००।- पेश्की फछ्यौट गरेकोमा निम्नानुसार देखिएको छ ।<br>क) विभिन्न प्रशिक्षकहरुवाट विभिन्न मितिमा प्रशिक्षक भत्ता वापत कट्टी गरिएको बा.कर रु ६३००।- राजस्व दाखिला हुनु पर्ने । ६३००।-<br>ख) पेश्की फछ्यौट गरिएको रकम मध्ये रु.६५५६०० ।- मात्रको विल भर्पाइ संलग्न भएकोले विल भर्पाइ भन्दा रु १४००० ।- खर्च लेखेको रकम असुल हुनु पर्ने । | १४००० ।- | | |
| ४९ | ६६<br>२०७२।३ | **ब.उ.शी.नं. ३६५८५०३ निर्बाचन क्षेत्र विकास कोष कार्यक्रम**<br>रावल वाडा खानेपानी तथा सरसफाइ आयोजनाको लागी सम्झौता अनुसार जि.वि.स.ले व्यहोर्ने रु.७०००००।- मध्ये कन्टेजेन्सी कटाइ रु ६६५०००।- भुक्तानी गरेकोमा कार्य सम्पन्न प्रतिवेदन अनुसार खुद भएको काम | | | |

| सि.न. | भा.न.र मिति | विवरण | रकम | फछ्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | ९५३२९२८६ देखिन्छ । यसमा Public Top Stand Post Construction Work 3 को रु. १२१८०२( जनश्रमदान समेत)उल्लेख गरेकोमा उक्त कार्य भएको नापी किताबमा चढेको नदेखिएको रु. | १२१८०२/- | | |
| ५० | | **व.उ.शि.नं. ३६५०१५३ (जेष्ठ नागरिक तथा बाल अनुदान)** कार्यालयले सामाजिक सुरक्षा बापत वितरण गरिने रकम पेश्की उपलबध गराउदा भत्ता प्राप्त गर्नेको गाविसगत संख्याको विवरण र पेश्की रकम मेल खाने गरी निकासा गर्नु पर्दछ । कार्यालयले मिति २०७०।१२।२९ मा आ.व. २०७१।०७२ को लागी सामाजिक सुरक्षा तथा बाल अनुदान भत्ता प्राप्त गर्नेको अद्यावधिक विवरण भनि संघीय मामिला तथा स्थानीय विकास मन्त्रनलयमा विवरण पठाएको छ । पेश्की निकासा दिदा सोही विवरणलाइ आधार मानी दिनु पर्नेमा देहाय बमोजिमका गाविसहरुलाइ सो विवरणमा उल्लेखित संख्या भन्दा बढी हुने गरी पेश्की उपलब्ध गराएको छ । त्यस पछि संख्या घटबढ भएको विवरण प्राप्त भएन यसरी बढी पेश्की निकासा भएको रकम गाविसहरुले फिर्ता नगरी पुरै रकम खर्च गरी पेश्की फछ्यौट गरेको पाइयो । | | | |

| सि.न. | गाविसको नाम | तेस्रो चौमासिक सम्म अद्यावधिक विवरण अनुसार हुने संख्या | तेस्रो चौमासिक सम्म निकासा भएको संख्या | बढी संख्या | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | रुगा | ९५७ जे.ना र एकल महिला | १०४२ | ८५ | १७००००।०० |
| २ | रोवा | ९८१ जे.ना र एकल महिला | १०२७ | ४६ | ९२०००।०० |
| | | २९४० बालबालिका | ३२६५ | ३२५ | २६००००।०० |
| ३ | कोटडाँडा | ६८१ जे.ना र एकल महिला | ७२० | ३९ | ७८०००।०० |
| ४ | सुकाढीक | १७१३ बालबालिका | १७८४ | ६८ | ५४४००।०० |
| ५ | ह्यांलु | ६१८ जे.ना र एकल महिला | ७३८ | १२० | २४००००।०० |
| | | १५३९ बालबालिका | १५८४ | ४५ | ३६०००।०० |
| ६ | गम्था | ७३२ जे.ना र एकल महिला | ७९५ | ६३ | १२६०००।०० |
| ७ | नार्थपु | १४७० बालबालिका | १५०३ | ३३ | २६४००।०० |
| ८ | जिमा | ७०५ जे.ना र एकल महिला | ७३८ | ३३ | ६६०००।०० |
| | | २५५० बालबालिका | २६३१ | ८१ | ६४८००।०० |
| ९ | कालै | ४३५ जे.ना र एकल महिला | ४७७ | ४२ | ८४०००।०० |
| | | १३२६ बालबालिका | १५६६ | २४० | १९२०००।०० |
| १० | धैनकोट | ७२९ जे.ना र एकल महिला | ७८९ | ५० | १०००००।०० |
| ११ | रारा | ३८७ जे.ना र एकल महिला | ४३८ | ५१ | १०२०००।०० |
| १२ | डोल्फू | ३८४ जे.ना र एकल महिला | ४५३ | ६९ | १३८०००।०० |
| | | ५४९ बालबालिका | ७३७ | १८८ | १५०४००।०० |

| सि.न. | भा.न.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १३ | पूलू | ५३७ जे.ना र एकल महिला | ५५५ | १८ | ३६०००।०० |
| | | १२०३ बालबालिका | १२१२ | ९ | ७२०००।०० |
| १४ | मुगु | ६८१ जे.ना र एकल महिला | ७२९ | ४८ | ९६०००।०० |
| | | | | जम्मा | २११९२००।०० |

| सि.न. | भा.न.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ५१ | | **भत्ता/ बृत्ति/ अनुदान भुक्तानीः**<br>सामाजिक सुरक्षा कार्यक्रम कार्याविधि २०६९ को दफा १३(२)अनुसार गाविस सचिवले यस कार्यक्रम वापत प्राप्त भत्ता/ बृत्ति/ अनुदान रकम परिचय पत्र गरेका सम्बन्धित व्यक्तिहरुलाई प्रथम चौमासिकमा वडा दशै पूर्व आश्विन १ गते, दोस्रो चौमासिककम सहिद सप्ताहाको समयमा माघ १२ गते र तेस्रो चौमासिकमा नेपाल गणतन्त्र घोषणा भएको जेष्ठ १५ गते सम्ममा भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले यस्तो रकम निकासा दिदा समयमै निकासा दिनु पर्नेमा प्रथम चौमासिकको आश्विन ६, दोस्रो चौमासिकको चैत्र ४ र तेस्रो चौमासिकको आषाढ २२ मा निकासा गरेको छ । यसरी तोकिएको समयमा निकासा नदिदा लाभग्राहिहरुले समयमा रकम प्राप्त नगर्ने हुदा तोकिएको समयमा निकासा तथा भुक्तानी गर्ने तर्फ निकायको ध्यान जानु पर्दछ । | | | |
| ५२ | | **लगत व्यवस्थाः** सामाजिक सुरक्षा तथा बाल अनुदान भत्ता वापतको रकम भुत्तानी गर्दा सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि २०६९ को अनुसूचिहरुले तोकेबमोजिम लगत अद्यावधिक गरी वितरण गर्नु पर्दछ । यस्तो भत्ता भुक्तानीका भर्पाइहरुमा उल्लेखित नाम कार्यालयको लगत संग भिडान हुनु पर्दछ । यस सम्बन्धमा लाभ ग्राहीहरुको नाम, ठेगाना, जन्म मिति, नागरिकता/ जन्म दर्ता प्रमाण पत्र, लक्षित समूह, परिचय पत्र नं. समेत खुल्ने गरी तयार गरिने लगत माग गरेकोमा कार्यालयवाट यस्तो लगत अद्यावधिक गरेको पाइएन । जस्ले गर्दा वितरण भर्पाइ र लगत भिडान गर्न सकिएन । यसर्थ कार्यालयले वितरण गरेको भत्ता रकम सही व्यक्तिले पाएका हुन भनि आश्वस्त हुने अवश्था नरहेकोले यस्तो भत्ता वितरण गर्दा तोकिए बमोजिम लगत तयार गरेर सही व्यक्तिले भत्ता पाए नपाएको सम्बन्धमा कार्यालयले एकिन गर्नु पर्ने देखिन्छ । | | | |
| ५३ | | **आन्तरीक स्रोतः** सिएफएलजि तर्फ रु. ८७६००।- सापटी खर्च लेखेकोमा उक्त सपटी रकम फिर्ता हुनु पर्ने । रु. | ८७६००।- | | |
| ५४ | | धरौटीः टेन्डर फारम विक्री वापत बिभिन्न निर्माण व्यवसायी वाट प्राप्त रकम रु. २२८०००।- आम्दानी खातामा पठाउनु पर्ने देखिन्छ । | | | |
| | | | | | |
| | | | | | |